**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको हिज राती दिल्लीमा 92 वर्षको उमेरमा निधन भएको छ ।उहाको निधनमा राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमंत्री नरेंद्र मोदीले शोक व्यक्त गरेका छन् ।
२. पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा सात दिनको राष्ट्रीय शोक घोषित गरिएको छ ।
३. केन्द्रीय महिला एवं बल विकास मन्त्रि अन्नपूर्णदेबीले भन्नुभयो- PM राष्ट्रिय बाल पुरस्कार बिजेताहरु सित कुराकानी गर्दै देशका नानीहरुको योगदानले बर्ष 2047 सम्ममा देशलाई बिकशित राष्ट बनाउनमा मद्दत मिल्नेछ |
४. नेपालमा सुर्यदर्शन सहकारी धोका धदी मामिलामा राष्ट्रिय स्वतन्त्र पार्टी अध्यक्ष रबि लामिछाने सहित अन्य 44 जना बिरुद्द कास्की जिल्ला अदालतमा गवाही चलिरहेको छ |
५. मेलबर्नमा जारी बॉर्डर-गावस्कर ट्रॉफीको चौथो टेस्ट म्याचको दोस्रो दिन ऑस्ट्रेलियाले आफ्नो पहिलाको खेल जारी राखेको छ |ताजा समाचार अनुसार ऑस्ट्रेलियाल7 विकेट गुमाएर 454 रन बनाएको छ |

**<u>मनमोहन सिंह-निधन</u>**

पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको हिज राती दिल्लीमा 92 वर्षको उमेरमा निधन भएको छ । उहाँ उमेर संबंधित बीमारिहरुको कारण उपचारधीन हुनुहुन्थियो अनि घरमै अचानक बेहोश हुनुभयो । उहालाई तुरन्तै होशमा ल्याउने प्रयास गरियो अनि त्येसपछि उहालाई एम्स, नयाँ दिल्लीको मेडिकल इमरजेंसीमा लगियो । एम्स, नयाँ दिल्लीले बताए अनुसार धैरै प्रयास गरिएतापनि उहालाई बचाउन सकिएन् अनि राती 9 बजेर 51 मिनेट जाँदा उहालाई मृत घोषित गरियो । 26 सितंबर 1932 मा अविभाजित भारतको पंजाब प्रांतको एउटा गांवमा जन्मेका, डॉ. मनमोहन सिंहले 33 बर्ष सम्म सेवा दिनुभए पछि यसै बर्ष अप्रैल महिनामा राज्यसभा बाट सेवानिवृत्त हुनुभएको थियो । उहाले 2004 देखि 2014 सम्म भारतको 13ओ प्रधानमंत्रीको रूपमा कार्य गर्नुभयो ।

************

**<u>राष्ट्रीय शोक-मनमोहन सिंह</u>**

पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा सात दिनको राष्ट्रीय शोक घोषित गरिएको छ । सुत्रहरु अनुसार आज प्रस्तावित सबै सरकारी कार्यक्रम रद्द गरिएको छ। हिज राती अखिल भारतीय आयुर्विज्ञान संस्थान, एम्स नयाँ दिल्लीमा दिवंगत हुए डॉ. मनमोहन सिंहको अंतिम संस्कार पुरा राजकीय सम्मानको साथमा गरिने छ । आज पूर्वान्ह 11 बजे केंद्रीय मंत्रिमंडलको बैठक हुनेछ ।

************

**<u>मनमोहन-राष्ट्रपति शोक संदेश</u>**

राष्ट्रपति द्रौपदी मुर्मूले पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा शोक व्यक्त गर्नुभएको छ । आफ्नो संदेशमा राष्ट्रपतिले भन्नुभयो -डॉ. सिंह ति राजनेताहरु मद्धे एक थिए जसले शिक्षा अनि प्रशासनको दुनियामा समान रूपले कार्य गरे राष्ट्रपति मुर्मूले भन्नुभयो कि पूर्व प्रधानमंत्रीले भारतीय अर्थव्यवस्थामा सुधारका लागि सार्वजनिक कार्यालयहरुमा आफ्नो विभिन्न भूमिकाहरुमा महत्वपूर्ण योगदान दिनुभएको छ ।

************

**<u>प्रधानमंत्री शोक-मनमोहन सिंह</u>**

प्रधानमंत्री नरेंद्र मोदीले पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा गहिरो दुख व्यक्त गर्नुभएको छ । आफ्नो संदेशमा प्रधानमंत्री मोदीले भन्नुभयो कि भारतले आफ्नो सबैभन्दा प्रतिष्ठित नेताहरु मद्धे एकको निधनमा शोक व्यक्त गर्दछ । उहाले भन्नुभयो - डॉ. सिंह एक साधारण पृष्ठभूमिबाट उठेर एक प्रतिष्ठित अर्थशास्त्री बन्नुभयो । श्री मोदीले भन्नुभयो कि डॉ. सिंहले देशको वित्त मंत्री

लगाएत विभिन्न सरकारी पदहरुमा रहेर कार्य गर्नुभयो अनि वर्षौंसम्म भारतको आर्थिक नीतिमा आफ्नो गहिरो छाप छोड्नु भएको छ । उहाले संसदमा डॉ. सिंहको व्यावहारिक हस्तक्षेप अनि प्रधानमंत्रीको रूपमा आफ्नो कार्यकालको अवधि मानिसहरुको जीवनलाई राम्रो बनाउने उहाको व्यापक प्रयासहरुको पनि प्रशंसा गर्नुभयो।

************

**उपराष्ट्रपति-शोक संदेश**

उपराष्ट्रपति जगदीप धनखड़ले पनि पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा दुख व्यक्त गर्नुभएको छ। आफ्नो संदेशमा श्री धनखड़ले पूर्व प्रधानमंत्रीलाई एक प्रतिष्ठित अर्थशास्त्री बताउनुभयो जसले देशको आर्थिक परिदृश्यलाई परिवर्तित गर्नुभयो। उहाले भन्नुभयो कि पद्म विभूषणद्वारा सम्मानित अनि भारतको आर्थिक उदारीकरणका निर्माताले भारतलाई एक महत्वपूर्ण परिवर्तनको समय बाट सफलतापूर्वक बाहिर निकाले जसको फलस्वरूप विकास अनि समृद्धिको नयाँ मार्गहरु खुल्ला भयो ।

उपराष्ट्रपतिले भन्नुभयो कि डॉ. सिंहको निधनले भारतले एक महान बुद्धिजीवी अनि उत्कृष्ट राजनेतालाई गुमाएको छ ।

************

**मनमोहन-राहुल शोक**

कांग्रेस नेता राहुल गांधीले पनि पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा शोक व्यक्त गर्नुभएको छ अनि उहाको परिवार प्रति हार्दिक संवेदना व्यक्त गर्नुभएको छ । आफ्नो संदेशमा कांग्रेस नेताले भन्नुभयो कि डॉ. सिंहले असीम बुद्धिमत्ता अनि ईमानदारीसित भारतको नेतृत्व गर्नुभयो। केंद्रीय गृहमंत्री अमित शाह ,केंद्रीय मंत्री अनि भाजपा अध्यक्ष जेपी नड्डा , कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गे अनि बिहारका मुख्यमंत्री नीतीश कुमारले पनि पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंहको निधनमा शोक व्यक्त गरेका छन् ।

************

<u>जयशंकर-अमरीका</u>

विदेश मंत्री डॉक्टर सुब्रह्मण्य जयशंकरले हिज राती वाशिंगटन डी.सी.मा अमरीकाका राष्ट्रीय सुरक्षा सलाहकार जेक सुलिवनसित भेट गर्नुभयो। दुवै नेताहरुले भारत-अमरीकी रणनीतिक साझेदारी तथा क्षेत्रीय अनि वैश्विक घटनाक्रम माथि विचार-विमर्श गरे। डॉ. जयशंकर गत 24 दिसम्बर देखि अमरीकाको 6 दिवसीय यात्रामा हुनुहुन्छ।विदेश मंत्रीले आफ्नो यात्राको अवधि अमरीकाका विदेश मंत्रीसित भेट गरेर द्विपक्षीय, क्षेत्रीय अनि वैश्विक मुद्दाहरु माथि चर्चा गर्नुहुनेछ । यस यात्राको अवधि डॉ. जयशंकरले अमरीकामा भारतका महावाणिज्यदूतहरुको सम्मेलनको अध्यक्षता पनि गर्नुहुनेछ।

************

**राष्ट्रीय बाल पुरस्कार-अन्नपूर्णा देवी**

केंद्रीय महिला एवं बाल विकास मंत्री अन्नपूर्णा देवीले हिजो नयाँ दिल्लीमा प्रधानमंत्री राष्ट्रीय बाल पुरस्कार विजेताहरूसित कुराकानी गर्नु भयो। कुराकानीमा सुश्री अन्नपूर्णा देवीले भन्नु भयो यो पुरस्कारले नानीहरूलाई प्रोत्साहित गर्नुमा मदद गर्नेछ। उहाँले नानीहरूको यस प्रकारको योगदानले देशलाई **वर्ष 2047 सम्ममा एउटा विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्नुमा निकै मदद मिल्ने छ।**। उहाँले विज्ञान र प्रौद्योगिकी, कला र संस्कृति, खेल आदि जस्ता विभिन्न क्षेत्रहरूमा उत्कृष्ट प्रदर्शन गर्ने नानीहरूको प्रशंसा गर्नु भयो।

यस भन्दा अघि हिजो राष्ट्रपति द्रौपदी मुर्मूले नयाँ दिल्लीमा सात श्रेणिहरूमा असाधारण उपलब्धिहरू हासिल गरेका 17 नानीहरूलाई प्रधानमंत्री राष्ट्रीय बाल पुरस्कारले सम्मानित गर्नु भयो। 14 राज्य र केंद्र शासित प्रदेशहरूका विजेता नानीहरूलाई कला र संस्कृति, बहादुरी, नवाचार, विज्ञान र प्रौद्योगिकी, सामाजिक सेवा, खेल र पर्यावरण जस्ता क्षेत्रमा उल्लेखनीय उपलब्धिहरूका लागि सम्मानित गरियो। प्रत्येक पुरस्कार विजेतालाई एउटा पदक, प्रमाण पत्र र प्रशस्ति-पत्र पुस्तिका प्रदान गरियो।

************

**वर्षांत – पर्यटन**

आकाशवाणी समाचार आफ्नो विशेष कार्यक्रम वर्षको अन्त श्रृंखलामा विभिन्न मंत्रालयहरूमा वर्ष 2024 मा भएका

उल्लेखनीय कार्यहरूको झलकहरू क्रमशः प्रस्तुत गरि रहेको छ। आज, गत एक वर्षमा पर्यटन मंत्रालयको प्रमुख पहलहरू अनि उपलब्धिहरूबारे जानकारीहरू गराउने छ।

*************

**सुशासन सफल**

चौथो सुशासन सप्ताह 2024 र **'प्रशासन गाँव तीर'** अभियान सफलतापूर्वक संपन्न भएको छ।। प्रशासनिक सुधार र लोक शिकायत विभाग द्वारा सुशासन सप्ताह र ''प्रशासन गाँव तीर'' अभियानको आयोजन यसै महीनैको 19 देखि 25 तारीख सम्म गरिएको थियो। यो नागरिक-केंद्रित शासन र सेवाहरूलाई घर दैलो सम्म पुर्याउने केन्द्र सरकराको सबभन्दा ठूलो अभियान हो।प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भयो 'प्रशासन गाँव तीर' अभियान केवल एउटा नारा होइन, तर प्रभावी शासनलाई ग्रामीण समुदायको नजिक ल्याउने उद्देश्यले एउटा परिवर्तनकारी प्रयास हो।

*************

**नॉर्वे-बस दुर्घटना**

नॉर्वेमा हिजो भएको एक बस दुर्घटनामा परि कम्तीमा पनि तीन जनाको ज्यान गएको छ तथा अन्य चार जना घइते भएका छन्। यो दुर्घटना देशको उत्तर-पश्चिमी तटमा रह्को हैडसेल जिलामा भएको हो। बस अनियन्त्रित भएर सड़क देखि नजिक रहेको आस्वतनेट पोखरामा झर्नाले यो दुर्घटना भएको हो।नर्वे पुलिसले बताए अनुकार बसमा सवार कैयन यात्री विदेशी नागरिक थिए जसमा चीन, फ्रांस, भारत, मलेशिया, नीदरलैंड, नॉर्वे, सिंगापुर र दक्षिण सूडानका मानिसहरू शामिल थिए। यो दुर्घटनामा 58 जना यात्रीहरूलाई चोट लागेको पनि स्थानीय पुलिसले बताएको छ।

*************

**नेपाल-सूर्यदर्शन धोखाधड़ी**

नेपालमा सूर्यदर्शन सहकारी धोखाधड़ी मामिलामा प्रतिवादिहरूको गवाही कास्की जिला न्यायालयमा चली रहेकोछ। सरकारी अटॉर्नी कार्यालय, कास्कीले धोखाधड़ीमा शामिल रहेको आरोफमा विधायक रबी लामिछाने र पूर्व डीआईजी जोशी सहित 44 व्यक्तिहरू विरूद्ध आरोप पत्र दायर गरेको छ।। अहिले सम्म यस मामिलामा 63 व्यक्तिहरूलाई अभियुक्त बनाइएको छ। यो धोखाधड़ीको मामिला आधिकारिक रूपमा कास्कीको जिला न्यायालयमा दायर गरिएको छ। लामिछाने माथि सहकारी धोखाधड़ी, संगठित अपराध र मुद्रा शोधनका आरोपहरू लगाइएका छन् जसमा 15 सवर्षको कैदको सजाय र 27 करोड़ 89 लाख रुपियाँको बोण्डको प्रावधान छ। कास्कीमा सरकारी अटॉर्नी जिला कार्यालयले लामिछाने र 30 अन्य व्यक्तिहरू विरूद्ध मामिला दर्ता गरेको भोली पल्ट लामिछानेलाई विधायक पदबाट निलंबित गरिएको थियो। नोभेम्बर 2022 को चुनावमा चौथी सबभन्दा ठूलो राजनीतिक पार्टीको रूपमा उदित भएको राष्ट्रीय स्वतंत्र पार्टीका अध्यक्ष लामिछानेलाई विगत सोमवारको दिन आधिकारिक रूपमा पार्टीको अध्यक्ष पदबाट पनि निलंबित गरिएको छ। लामिछाने माथि मुद्रा शोधनको गम्भीर आरोपले गर्दा पार्टीले उनलाई पदबाट हटाएर डोल प्रसाद आर्यललाई पार्टीको कार्यवाहक अध्यक्ष नियुक्त गरेको छ।

*************

**भारत-ऑस्ट्रेलिया - दूसरा दिन क्रिकेट**

मेलबर्नमा भारत सित जारी बॉर्डर-गावस्कर ट्रॉफीको चौथे टेस्ट म्याचको दोस्रो दिन ऑस्ट्रेलियाले आफ्नो पहिलोको खेल जारी रखेको छ। ताज़ा समाचार अनुपार मेजबान ऑस्ट्रेलियाले ........... विकेट गुमाएर .......... रन बनाइ सकेको छ। हिजो म्याचको पहिलो दिनको खेल समाप्त हुन्दा ऑस्ट्रेलियाले 6 विकेट गुमाएर 311 रन बनाइ सकेको थियो। सैम कोंस्टासले 60 रन बनाए। मेजबान टीमका लागि उस्मान ख्वाजा, मार्नस लाबुशेन र स्टीवन स्मिथले अर्धशतक जोड़े। भारतका लागि जसप्रीत बुमराहले तीन विकेट लिए।पांच म्याचको श्रृंखलामा भारत र अस्ट्रेलिया एक-एक म्याच जीतेर बराबरीमा छन्।

*************